# चिङ्गाड गाउँपालिका

**अवलचिङ्ग,सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः १०**

# शिक्षा ऐन, २०७४

**प्रथम संसोधनः २०७९।०३।११**

**दोश्रो संशोधनः २०८१।११।१२**

**राजपत्रमा प्रकासित मितिः २०८१।११।१२**

# शिक्षा ऐन, २०७४

**प्रथम संसोधनः २०७९।०३।११**
**दोश्रो संशोधनः २०८१।११।१२**
**राजपत्रमा प्रकासित मितिः २०८१।११।१२**

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि ज्ञान,सीप, श्रम, स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा यो ऐन प्रारम्भ हुनुपूर्व स्थापना भई सञ्चालन भईरहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सीपको अवसर बृद्धि गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २२१, अनुसूची ८ को सूची नम्बर ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) बमोजिम कर्णाली प्रदेश अन्तरगतको चिङ्गाड गाउँपालिका, सुर्खेतको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

### १.संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम शिक्षा ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन चिङ्गाड गाउँपालिका भर लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) प्रारम्भिक बालशिक्षा भन्नाले पाँच वर्षमुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ख) आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) माध्यमिक शिक्षा भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) विशेष शिक्षा भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता ,सुस्त श्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्छ ।

(ङ.) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(च) संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(छ) विद्यालय शिक्षा भन्नाले प्रारम्भिक बालविकास शिक्षा, आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षा भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न

नौ कक्षादेखि बाह्र कक्षासम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(झ) विद्यालय निरीक्षक भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ, सो शब्दले शिक्षा अधिकृतलाई समेत जनाउँने छ ।

(ञ) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा गनिएको व्यक्ति सम्झनुपर्छ, सो शब्दले विद्यार्थीका वुवा, आमा, वाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ट) शिक्षक भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त शिक्षक कर्मचारीलाई बुम्झनुपर्छ ।

(ठ) प्रधानाध्यापक भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको शिक्षक कर्मचारीलाई जनाउँछ ।

(ड) कर्मचारी भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य जनशक्तिलाई सम्झनुपर्छ ।

(ढ) अनुमति भन्नाले गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) स्वीकृति भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) आवासीय विद्यालय भन्नाले गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति दिएको विद्यालयलाई जनाउँछ

(द) ट्युसन सेन्टर, कोचिङ.सेन्टर, इन्स्टिटच्युट र मन्टेश्वरी भन्नाले गाउँपालिकाबाट तोकिएको मापदण्ड पूरा गरी ट्युसन सेन्टर, कोचिङ सेन्टर, इन्स्टिटच्युट र मन्टेश्वरी सञ्चालनको लागि गाउँपालिकाबाट अनुमति लिएको शैक्षिक संस्थालाई जनाउँछ ।

(ध) गाउँपालिका भन्नाले नेपालको संविधान बमोजिम स्थानीय सरकारको रुपमा स्थापित चिङ्गाड गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(न) गाउँसभा भन्नाले चिंगाड गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(प) गाउँ शिक्षा समिति भन्नाले विद्यालयको रेखदखे र व्यवस्थापन गर्ने कामसमेत गर्नका लागि बनेको समितिलाई सम्झनुपर्छ ।

(फ) वडा शिक्षा समिति भन्नाले वडाभित्रको विद्यालय रेखदेख र व्यवस्थापन गर्ने कामका लागि वनेको समिति सम्झनुपर्दछ ।

(व) समायोजन भन्नाले दुई वा दुईभन्दा वढी विद्यालयलाई एउटै विद्यालयमा गाभ्ने प्रक्रियालाई सम्झनुपर्छ ।

(भ) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा भन्नाले आधारभूत तहको कक्षा ८ को अन्त्यमा हुने बार्षिक परीक्षालाई सम्झनुपर्छ ।

(म) मन्त्रालय भन्नाले प्रादेशिक तहमा स्थापना भएको सामाजिक विकास मन्त्रालय र संघीय तहमा स्थापना भएको शिक्षा, विज्ञान तथा प्रविधि हेर्ने संघीय शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(य) स्थायी आवासीय अनुमति भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सोही मुलुकमा

स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.) र परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीनकार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायीरूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(र) सहकारी विद्यालय भन्नाले यसअघि सहकारी ऐनअन्तरगत स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

(ल) विद्यार्थी कल्याण भन्नाले विद्यार्थी हितसँग सम्बन्धित कार्यलाई सम्झनु पर्छ ।

## परिच्छेद– २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३.माध्यमिक शिक्षा देहाए बमोजिमका हुनेछन्**

(१) माध्यमिक शिक्षा संघिय कानून बमोजिम हुनेछ ।

**४. शिक्षाको माध्यम**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम निम्न बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत कक्षा ५ सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सम्बन्धित भाषा हुनेछ ।

**५.** बिशेष शिक्षाः संघिय कानून वमोजिम हुनेछ ।

**६. विद्यालयका प्रकार**ः-(क) सामुदायिक विद्यालय, (ख) संस्थागत विद्यालय, (ग) गुठी विद्यालय (घ) सहकारी विद्यालय

**७. विद्यालय वर्गीकरण**ः-

(क) क वर्गको विद्यालय,

(ख) ख वर्गको विद्यालय,

(ग) ग वर्गको विद्यालय र

(घ) घ वर्गको विद्यालय ।

सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगाडि नै तोकिएको ढाँचामा विवरण भरी विद्यालय वर्गीकरणका लागि निवेदन दिन सकिनेछ र विद्यालय निरीक्षकको संयोजकत्वमा वडा शिक्षा समितिले तोकेको एक जना सदस्य र एक जना विज्ञको प्रतिनिधित्व हुने गरी गठित तीन सदस्यीय वर्गीकरण समितिले तोकिएको आधारमा वर्गीकरणको सिफारिस गर्नेछ ।

**८. विद्यालय सञ्चालन,अनुमति र समायोजन**

(१) कुनै नेपाली नागरिक समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक। गुठी अन्तरगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र शुरु हुनुभन्दा तीन महिना अगावै र पूर्वप्राथमिक विद्यालय तथा कक्षा थप गर्न चाहने विद्यालयहरुले शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै गाउँपालिका समक्ष अनुमतिका लागि निवदेन दिनपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखा प्रमुख वा निरीक्षकबाट आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न तथा कक्षा थप गर्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालीकाको निर्णय वमोजिम अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिका संयोजक समक्ष निवेदन दिन सक्ने छ ।

(४) दफा ८ को अनुच्छेद (३) मा जे सुकै लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमतिवा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(५) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठीअन्तरगत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय–व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्नसक्ने छ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाको स्वीकृति लिनुपर्ने छ ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत र माध्यमिक तहको हकमा गाउँ शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्नसक्ने छ ।

(७) उपदफा (६) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(८) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(९) विद्यालय खोल्ने अनुमति दिंदा विद्यालय सञ्चालनको सुरक्षण वापत सामुदायिक विद्यालयको आधारभूत तह निःशुल्क र माध्यमिक तह भए तीन लाख र संस्थागत विद्यालयको आधारभूत १–५ भए तिन लाख, १–८ भए चार लाख र माध्यमिक भए पाँच लाख धरौटी राख्नुपर्नेछ ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**९. गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको मन्टेश्वरी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम व्यवस्था गर्न सक्नेछ ।**

१०. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, वाचनालय र ई– वाचनालय सञ्चालन हुन सक्नेछ ।

११. गाउँपालिकाले विद्यालय एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेछ र यसका लागि गाउपालिकाकले आवश्यक कार्यबिधि, निर्देशिका र मापदण्ड निर्माण गर्न सक्नेछ ।

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीभन्दा कम दुरी रहेका कुनै सामुदायिक विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभेर एउटा विद्यालयमा समायोजन गर्न, तह थप गर्न, कक्षा घटाउन, विद्यालय बन्द गर्नसक्ने छ । विद्यालय समायोजन गर्दा कुनै सामुदायिक विद्यालयमा कक्षा १–३ सम्म ४५ जना भन्दा कम, १–५ कक्षा सम्म भए ७५ जना भन्दा कम, ६–८ कक्षा सम्ममा ४५ जना भन्दा कम, ९–१० कक्षामा भए ४० जनाभन्दा कम र ११–१२ कक्षामा ४० जना भन्दा कम विद्यार्थी भए वडा शिक्षा

समिति मार्फत गाउँ शिक्षा समितिले नजिकको पायक र पूर्वाधार युक्त विद्यालयमा हरेक शैक्षिक सत्रको सुरुमा समायोजन गर्नेछ । यसरी समायोजन गर्दा शिक्षक कर्मचारीलाई गाभिएको विद्यालयमा विद्यार्थी संख्याको आधारमा मिल्ने भए जेष्ठताको आधारमा व्यवस्थापन गर्ने र विद्यार्थी संख्या न्यून भए अन्य विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ । भौगोलिक विकटता भएको स्थानमा विद्यालय समायोजन गरिने छैन ।

(२) संस्थागत विद्यालयहरुले एक स्थानबाट अर्को स्थानमा ठाँउ सारी गर्दा आफ्नो घरजग्गा भएको प्रमाण सहित ठाँउ सारीका लागि वडा कार्यालयको सिफारिस सहित गाउँ शिक्षा शाखामा निवेदन दिनुपर्ने छ । यसरी प्राप्त भएको निवेदन उपर छानबिन गर्दा प्रक्रिया पूरा गरी आएमा ठाँउसारी प्रक्रिया अघि बढाउन सकिनेछ र ठाँउ सारी गर्दा पैतीस दिने सूचना जारी गरी दावि बिरोध नभएमा मात्र ठाँउ सारी गरिनेछ । संस्थागत विद्यालयहरुले ५ वर्ष भित्र आफ्नो घर जग्गा नभए अनुमति रद्ध गर्न सकिनेछ र नयाँ संस्थागत विद्यालय खोल्न चाहेमा नजिकको विद्यालय भन्दा पाँच सय मिटर टाढाको दुरीमा खोल्नुपर्नेछ ।

(३) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँशिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम पेस हुन आएको निवेदन उपर गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिनसक्ने छ ।

(५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५०,००,०००।–( पचास लाख रुपैयाँ ), आधारभूत तहको हकमा ३०,००,०००।–( तीस लाख रुपैयाँ ) प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न सकिनेछ । नयाँ स्थापना हुने विद्यालयको नाम नेपालीमा हुनुपर्नेछ र यस अघि अंग्रेजी शब्दमा नाम भई स्थापना भएका विद्यालयको नाम नेपाली पहिचान झल्किने गरी नाम राख्न प्रोत्साहन गरिनेछ ।

## १२. गाउँशिक्षा समिति सम्बन्धी व्यवस्था

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको गाउँशिक्षा समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्षः अध्यक्ष

ख) विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना सदस्य

(ग) समाजसेवी वा चन्दादाताहरुमध्ये गाउँशिक्षा समितिले मनोनित गरेको कम्तिमा एक जना महिला,दलित र जनजाती सहित तिन जना : सदस्य

घ) शिक्षाविद्हरु मध्येबाट शिक्षा समितिले मनोनित कम्तिमा एक जना : सदस्य

ङ) गाउँ कार्यपालिका सदस्य मध्येबाट अध्यक्षले तोकेको एक महिला सहित दुई जना: सदस्य

च) सामुदयिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट संयोजकले मनोनित गरेको १ जना सदस्य

छ) गाउँपालिका शिक्षा शाखा प्रमुखः सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) गाउँ शिक्षा समितिको निर्णय सर्व सहमतीमा गरिने छ तर कुनै विषयमा समितिमा सर्वसहमती हुन नसकेमा वहुमतको आधारमा निर्णय गर्न सकिने छ ।

(४) उपदफा (१) अनुसारका मनोनित सदस्यहरुले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँशिक्षा समितिले जुनसुकै समयमा पनि हटाउन सक्नेछ तर त्यसरी हटाउन वा वर्खास्त गर्नुअघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन ।

(५) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, कक्षा थप, तह थप, नाम परिवर्तन गर्ने, विद्यालय सार्ने, गाभ्ने, कोचिङ तथा ट्यूसन सेन्टरको अनुमतिका कार्यपालिकामा सिफारिश गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदानसम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आपनो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकहरुको सूची सार्वजनिक गर्ने,

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ज) विद्यालयका लागि आवश्यक स्रोत र साधन जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) शिक्षा क्षेत्रमा भएका द्वन्द्वहरुको व्यवस्थापन गर्ने,

(ञ) शिक्षाको गण्स्तर कायम राख्ने सचूक विकास गर्ने र प्रगति मुल्याङ्कन गर्ने,

(ट) गुणस्तरीय शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुरिवेक्षणको प्रबन्ध गर्ने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको वर्गीकरण गर्ने,

(ढ) शैक्षिक गुठीसँग सम्झौताका सर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विशेषज्ञहरुको छनौट (रोष्टर) तयार गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिका लागि आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालय व्यवस्थापन समिति गठन गर्न सहजीकरण गर्ने,

(ध) शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने,

(न) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(प) आवश्यकता अनुसार विद्यार्थी कल्याणको व्यवस्थापन गर्ने,

(फ) विद्यालयमा दरवन्दी मिलान गर्ने र विद्यार्थी शिक्षक अनुपात कायम गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेन्डर बनाई लागु गर्ने, गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

(म) गाउँ कार्यपालिकालाई गुणस्तरीय शैक्षिक विकास केन्द्रका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी राय, सुझाव र गोष्ठीहरुको आयोजना गर्ने ।

(र) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१३. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार**

(१) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेस गर्ने,

(२) गाउँपालिका तथा गाउँशिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनगुमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक परामर्श दिने,

(५) शिक्षकहरुको कार्य सम्पादन मुल्याङ्कन तथा अभिलखे गर्ने,

(६) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षा सञ्चालन गर्ने,

(७) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने,

(८) विद्यलयमा स्वीकृत पाठ्यकम्र र पाठ्यपुस्तक लागु गरे नगरको अनगुमन गर्ने,

(९) विद्यालयबाट प्राप्त भएका लेखा परीक्षकहरुको सूचीमध्ये एक जनालाई लेखापरीक्षकमा नियुक्त गर्ने,

(१०) विद्यालय शिक्षक अभिभावक संघ गठन गर्ने,गराउने,

(११) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

(१२) शिक्षकको तलवी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने,

(१३) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने, गराउने,

(१४) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने,

(१५) गाउँशिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार**

(१) वडास्तरमा वडाको विद्यालय रेखदेख र व्यवस्थापन गर्न वडा शिक्षा समिति रहने छ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एकजना महिला सहित २ जना – सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिले तो केको एकजना –सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाटवडा शिक्षा समितिको संयोजकले तोकेको दुईजना – सदस्य

(ङ) वडाभित्रका शिक्षा प्रेमी मध्येबाट वडा समितिको संयोजकले तोकेको एकजना – सदस्य

(च) सम्बन्धित वडाका वडा—सचिव – सदस्य सचिव

**(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ**

(क) वडा भित्रको शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) वडा भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) विद्यालयका लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) वडाका विद्यालयहरुमा उत्पन्न हुने विवादहरुमा सहजिकरण र मेलमिलाप गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने र अनुगमनको क्रममा अनियमितता गरेमा कारवाहीको लागि सिफारिस गर्ने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने,

(ञ) उत्कृस्ट कार्य गर्ने शिक्षक र कर्मचारीहरुलाई प्रोत्साहित गर्ने,

(ट) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने,

(ठ) गाउँ शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने,

(ड) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्ने,

(ढ) वडाको गुणस्तरीय शिक्षा विकासका लागि गोष्ठी गर्ने ।

## १५. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालय रहेको वडाको वडा समितिले तोकेको सदस्य एकजना – सदस्य

(ख) अभिभावकले आफू मध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका वा दश लाखभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एकजना महिला सहित दुईजना – सदस्य

(घ) शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एकजना– सदस्य

(ङ.) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

तर बालक्लवको प्रतिनिधिलाई आवश्यकतानुसार आमन्त्रित सदस्यका रुपमा वैठकमा बोलाउन सकिनेछ ।

सामुदायिक विद्यालयका व्यवस्थापन समितिको पदावधि तीन वर्षे पदावधि रहने छ ।

विध्यालय व्यवस्थापन समितिको अध्यक्ष घ र ङ वाहेकका सदस्यहरुबाट अध्यक्ष हुन सक्नेछन् । हाल कुनै पनि सरकारी वा गैह्रसरकारी सेवामा कार्यरत शिक्षक तथा कर्मचारी भएका अवस्थामा अध्यक्ष हुन पाइनेछैन ।

**(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विद्यालय सञ्चालनका लागि प्राप्त स्रोत साधनको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्ग र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा र गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको युनिर्फम तोकी कार्यान्वयन गर्ने ।

(छ) प्रचलित कानुनबमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदका लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने

(ज) सम्बन्धित निकायबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने

(झ) गाउँशिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन वडा शिक्षा समिति र नगरशिक्षा समितिमा पेस गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित वडा शिक्षा समिति र गाउँशिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मूलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिएबमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने

(ण) विद्यालय शिक्षा एकै शिक्षण अवधिमा सञ्चालन गर्न प्रबन्ध मिलाउने,

(त) आवश्यकताको आधारमा सल्लाहकार मनोनयन गर्न सकिने छ,

(थ) विद्यालय शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक आचारसंहिता बनाई लागु गर्ने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

३. संघिय शिक्षा ऐन बमोजिम  गठित विद्यालय व्यवस्थापन समितिहरुको पदावधि तोकिए बमोजिम हुने छ । विद्यालय व्यवस्थापन समिति गठन गर्दा समिति रिक्त रहेको दिनले १५ दिन भित्र आवस्यक प्रक्रिय पुरा गरि गठन गर्नु पर्ने छ । उक्त समिति गठन नहुदा सम्मका लागि विध्यालय प्रशासनले समितिको काम कर्तव्य र अधिकार प्रयोग गर्ने छ ।

## १६. शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा सामाजिक परीक्षण गरी व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक शिक्षक अभिभावक संघ रहने छः

(क) विद्यालयका अविभावकमध्येबाट छनौट गरेको व्यक्ति – अध्यक्ष

(ख) अभिभावकले आफूमध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तीनजना–सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु वडा समितिले मनोनयन गरेको एकजना –सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्यसहयोग गरेका व्यक्ति मध्येबाट समितिले मनोनित गरेको एकजना महिला सहित तीनजना–सदस्य(ङ) विद्यालयका शिक्षकले आफूमध्येबाट छानी पठाएका तहगत शिक्षक प्रतिनिधि दुईजना–सदस्य

(च) प्रधानाध्यापक –पदेन सदस्य

(छ) कार्यरत शिक्षकहरु मध्येवाट एकजना –सदस्य सचिव

समितिको वैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको प्रथम छात्र वा प्रथम छात्रा मध्येवाट एकजनालाई पनि आमन्त्रित गर्नुपर्ने छ ।

**(२) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयाग गर्ने ,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने,

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने,

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद ३

## शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवासर्त, योग्यता एवं सक्षमताको मापदण्ड

१७. शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्ने

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोकेबमोजिम हुनेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ ।

(३) उपदफा (१) र (२)बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्ने छ ।

१८. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ ।

१९. स्थायी अध्यापन अुनमति पत्र लिनु पर्ने अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन

## २०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले बिभागिय कार्बाहिको लागि वडा शिक्षा समिति मार्फत गाउँशिक्षा समितिमा सिफारिस गर्नेछ ।

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि  राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँशिक्षा समितिले निजलाई बिभागिय कार्बाहि गर्ने वा सम्बन्धित निकायमा

सिफारिश गर्नेछ तर पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईने छ ।

**२१. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने**

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक वा कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुनः बहाली हुनसक्ने छ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ ।

२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

२३. स्थायी आवासीय अनुमति लिन नहुने सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन ।

## परिच्छेद ४

## शिक्षक तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र वृत्ति विकास:

२४. शिक्षक तथा कर्मचारीको नियुक्ति

(१) विद्यालयमा रिक्त दरवन्दी, राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहायबमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) गाउँपालिकाको विद्यालय शिक्षा अधिकृत – सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

शिक्षक सेवा आयोगले करार सूचीका लागि तोकेको उम्मेदवारहरुले सो रिक्त पदमा प्राथमिकताका आधारमा छनौट समितिले छनौट गर्ने र सो नभएमा गाउँपालिकामा सूचीकृत भएका रोस्टरहरु मध्येवाट छनौट समितिले गोलाप्रथावाट दुईजना रोस्टर छनौट गरी लिखित, अन्तरवार्ता तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिई छनौट गरिनेछ ।

२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## २५. प्रधानाध्यापक सम्बन्धी व्यवस्था

(१) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) माध्यमिक तहमा स्थायी तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनुपर्ने छ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षकमध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिले निर्णय गरि वडा शिक्षा समिति हुंदै गाउँशिक्षा समितिमा पेश गरिनेछ।

(ख) आधारभूत तहमा स्थायी, तथा स्नातक उपाधि प्राप्त शिक्षक हुनुपर्ने छ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिबाट गरिनेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ ।

(घ) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एकपटक स्पष्टीकरणको मौका दिइनेछ ।

## २६. शिक्षकको सरुवा

(१) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमति र वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्नसक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिको सहमतिमा गाउँपालिकाको कार्यालयले अन्य गाँउपालिका वा नगरपालिकामा सरुवाको लागि सहमति दिनसक्नेछ ।

(३) गाउँ शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षकबीच सरुवा गर्नसक्नेछ तर एउटै बिद्यालयमा लगातार सात बर्ष भन्दा बढि समय कार्यरत शिक्षकलाई वडा शिक्षा समितिको सिफारिशमा जुनसुकै बखत सरुवा गर्न बाधा परेको मानिने छैन ।

(४) सामान्यतय शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

(५) शिक्षक सरुवा गर्दा रिक्त दरवन्दीमा विद्यालय व्यवस्थापन समितिले गाउँ भित्रका शिक्षकहरुलाई पहिलो प्राथमिकता दिने, दोस्रोमा यस जिल्ला भित्रका अन्य स्थानीय तहका शिक्षकहरुलाई र सो नभएमा अन्य जिल्लावाट सरुवा भई आउनका लागि सहमति दिनुपर्नेछ ।

## २७. दरवन्दी मिलान

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गर्नुपर्ने छ ।

(२) शैक्षिक गुणस्तर सुधारको लागि एकै विद्यालयमा सात बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई गाउँशिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति बेगर पनि गाउँ क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

## २८. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्था

हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्त्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुन बमोजिम वन्ने शिक्षक सेवा आयोगबाट तोकेबमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था स्थानीय सरकारले तोकेबमोजिम हुनेछ ।

## २९. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था

शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

## ३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

## परिच्छेद–५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षा कोठा, खेल मैदान कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

### ३२. विद्यालयको सम्पत्ति

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा

कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम जग्गा वाहेक बेच–बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँशिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनीअन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा
रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

(५) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा सम्बन्धित गाउपालिकाको अनुमति वेगर वेच्न पाइने छैन ।

**३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालय कै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुनबमोजिम भोग चलन गर्नसक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य स्थानीय सरकारको हुनेछ ।

**३४. पाठ्यक्रम र पाठ्यपुस्तक**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठय् पस्ुतकहरुको सख्ं या सम्बन्धित विद्यालयले ताकिएको समय सीमा भित्र माग गनर्पर्ने छ ।

(३) शैक्षिक सत्र शुरु हुनु अगावै गाँउ शिक्षा समितिले सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभुत तहसम्मका शिक्षाका लागि स्थानिय आवश्यकतामा आधारित बढिमा १०० पुर्णाङ्कको ४ क्रेडिट आवर थप बिषयको स्थानिय पाठ्यक्रम सामुदायिक तथा संस्थागत विद्यालयमा प्रयोगमा ल्याउन पर्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछ ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

(७) क्रमशः तल्लो कक्षादेखि नै पाठ्य पुस्तकबिहीन सामग्रीलाई पाठ्य आधार बनाइने छ ।

## ३५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ ।

(३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–६

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३६. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृति लिनुपर्ने छ ।

३७. संस्थागत विद्यालयको व्यवस्थापन समिति

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा

समिति मार्फत गाउँशिक्षा समितिबाट मनोनित – अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना – सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत – सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको एकजना – सदस्य

(च) विद्यालयका प्रधानाध्यापक – सदस्य–सचिव

सम्वन्धित स्रोतकेन्द्रका स्रोत व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँशिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र** अधिकार देहायबमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

(ञ) शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिएबमोजिम गर्ने ।

(ट) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम गर्ने,

(ठ) लेखा परीक्षण गराई अनिवार्य रुपमा बार्षिक प्रतिवेदन वडा शिक्षा समिति र गाउँशिक्षा समितिमा पेस गर्ने,

(ड) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने ।

(ढ) न्यूनतम पारिश्रमिक आयोगले तोके वमोजिन हुनेछ ।

(ण) भर्ना शुल्क र अन्य शुल्क कम्तिमा ६५ प्रतिशत अभिभावकहरुको भेलाबाट निर्णय गराइ स्वीकृती गर्नुपर्नेछ । निर्णयको जानकारी गाउँ शिक्षा समितिमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

## ३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन
समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्ने छ ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधारसहित सार्वजनिक गर्नुपर्ने छ ।

(५) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको कोटा गाउँ शिक्षा शाखामा पेस गर्नुपर्ने छ ।

## ४०. अनुगमन तथा मूल्याङ्कन

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

## ४१. अनुमति वा स्वीकृति रद्द गर्ने

कुनै संस्थागत विद्यालयले यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नसक्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द

गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ७

## परीक्षा सञ्चालन तथा व्यवस्थापन

### ४२. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन

(१) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई गाउँपालिकाको क्षेत्रभर मर्यादित व्यवस्थित तरीकाले एकरुपताका साथ सञ्चालन गर्न तपसिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) सामुदायिक विद्यालयका आधारभूत तह (६–८) मध्येबाट एकजना प्रधानाध्यापक तथा शिक्षकमध्येबाट महिलासहित समितिवाट मनोनित दुई जना – सदस्य

(ग) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापक मध्येबाट समितिवाट मनोनित १ जना – सदस्य

(घ) गाउँशिक्षा शाखा प्रमुख – सदस्य–सचिव

(२) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञ र स्रोतव्यक्तिहरुलाई परीक्षा समितिको वैठकमा आमन्त्रण गर्नसक्नेछ ।

(३) मनोनित सदस्यहरुको मनोनयन गाउँ शिक्षा समितिवाट गर्नुपर्नेछ ।

(४) मनोनित सदस्यहरुले पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट बञ्चित गरिनेछैन ।

(५) समितिको बैठक भत्ता गाउँ कार्यपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) मनोनित सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ ।

## परिच्छेद–८

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

### ४३. विद्यालय विकास कोष

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिएबमोजिम हुनेछ ।

## ४४. अनुदानको व्यवस्था

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

## ४५. लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालय आधारभुत तहको लागि प्रधानाध्यापक र कर्मचारी  तथा प्राथमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

## ४६. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक रुपमा गाउँशिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेस गरी पृष्ठपोषण लिनुपर्नेछ ।

## ४७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ ।

## ४८. शुल्क तथा सहयोगबाट प्राप्त रकम

(१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ । यसका साथै कुनै अभिभावकले आफ्नो खुसीराजीले आफ्नो सन्ततिका लागि शिक्षण शुल्क, खेलकुद् शुल्क, मनोपरामर्श शुल्क, परीक्षा शुल्कलगायत अन्य शुल्कहरु

दिन ईच्छा गरेमा विद्यालयले लिन सक्नेछ तर त्यस्तो शुल्कको सदुपयोगको सुनिश्चितता गरिनेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँ पालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसके पछि पुनः सोही कक्षाको अर्को विद्यालयमा कुनै किसिमको शुल्क लिन पाइनेछैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले। जरिवाना गर्नसक्नेछ ।

## ४९. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित  गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा स्थानीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९
## प्राविधिक तथा व्यवसायिक शिक्षा

५०. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ । गाउँपालिकाले प्राविधिक विषयको कक्षा

सञ्चालनका लागि अनुमति दिंदा वडामा तोकिएको मापदण्ड वमोजिम नदोरिने गरी विषय सिफारिस गर्नेछ । सामुदायिक विद्यालयमा प्राविधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन गर्ने प्रयास गरिनेछ ।

(१) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा संचालन प्रक्रिया तोकिएको मापदण्ड वमोजिम हुनेछ ।

## परिच्छेद १०

## विविध

### ५१. स्रोत व्यक्ति सम्बन्धी व्यवस्था

गाउँ क्षेत्रभित्र कार्यरत स्रोत व्यक्तिहरु गाउँशिक्षा समिति अन्तरगत रहनेछन् र निजहरुको काम कर्तव्य र अधिकार तोकियबमोजिम हुनेछ ।

### ५२. विद्यालयको विनियम

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) अभिभावक सभाले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्नेछ ।

## ५३. गाउँपालिकाले निर्देशन दिनसक्ने

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्नेछ

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

## ५४. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

## ५५. विधार्थी भर्ना सम्वन्धी व्यवस्था

सामुदायिक विद्यालयहरुले आफ्नो सेवाक्षेत्र भित्रका वालवालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नुपर्नेछ ।

## ५६. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुव्र्यवहार गर्न नहुने

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइनेछैन ।

## ५७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५८.गाउँपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्नसक्नेछ ।

**५९. प्रगति विवरण बुझाउनु पर्ने**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरण सहितको प्रगति विवरण वडा शिक्षा समिति र गाउँ शिक्षा समितिमा बुझाउनु पर्नेछ ।

**६०. शिक्षा विकास कोष**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न गाउँशिक्षा विकास कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहायबमोजिमको रकम रहन सक्नेछ,

(क) संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, गाउँ शिक्षा शाखा प्रमुखको संयूक्त दस्तखतबाट हुनेछ ।

## ६१. दण्ड सजाय

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, ट्युसन, कोचि¨ सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन  गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागेसम्म कानुन बमोजिम निलम्बन हुन सक्नेछ र शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई कानुनले तोके बमोजिम विभागीय सजाय गरिनेछ ।

**६२. पुनरावेदनको अधिकार**

तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**६३. नियम बनाउने अधिकार**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक शिक्षा नियमावली, निर्देशिका बनाउन सक्नेछ ।

**६४. संक्रमणकालीन व्यवस्था**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्नसक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँकार्यपालिकाले दिनसक्नेछ ।

**६५. बाधा अडकाउ फुकाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा—अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

**६६. विनियम कार्यविधि र निर्देशिका बनाई लागु गर्न सकिने शैक्षिक सुधारका निम्ति देहायबमोजिमका बिषयमा विनियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागु गर्न सकिनेछ ।**

(१) असल शिक्षक प्रोत्साहन,

(२) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

(३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

(४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(५) नमुना विद्यालय छनोट र विकास,

(६) गरिवीको रेखामूनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

(७) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान,

(८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

(१०) भौचर प्रणालीमा आधारित शिक्षा,

(११) गाउँशिक्षा परिषद् गठन,

(१२) गुणस्तरीय शिक्षाका लागि अनुदान,

(१३) अनिवार्य शिक्षा कार्यान्वयन,

(१४) एक माध्यमिक विद्यालय एक संकायलाई प्रोत्साहन

(१५) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

(१६) अन्तरविद्यालय सहयोग कार्यक्रम,

(१७) विशेष शिक्षा विद्यालय संचालन

(१८) मन्टेश्वरी एवं चाइल्ड केयर सेन्टर संचालन

## ६७. बचाउ र लागू नहुने

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघिय ऐन,प्रदेश ऐनसँग बाँझीएको यस ऐनका दफा तथा उपदफाहरु बाझीएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको

सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुन बमोजिम दण्ड,

सजाय र कारवाही गर्न बाधा पर्नेछैन ।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा स्वतः खारेज हुनेछन् ।

६८. गाउँपालिका शिक्षा ऐन २०७४ को संशोधन चिङ्गाड गाउँसभाको सामान्य बहुमतबाट गर्न सकिनेछ ।

**आज्ञाले,**

**मणिराम खराल**

**प्रमुख प्रशासकीय अधिकृत**